स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म टिका भदौ २६ गतेदेखि प्रदर्शनमा आउने भएको छ। निर्माण संस्था भविष्य फिल्मस् प्रालिले वितरक सुनिल मानन्धरको श्रीराम बालाजी फिल्मस्सँग प्रदर्शनको सम्झौता गरेको हो। नारी प्रधान कथा भनिएको फिल्मका नारीहरूको पर्व तीजको अवसरमा प्रदर्शन ल्याइने तयारी गरिएको हो। वर्षा सिवाकोटीसँगै भेद्रान हास्य अभिनेता निर्मल शर्माको अभिनय रहेको फिल्म वैशाख तेस्रो साता (आगामी हप्ता)बाट फ्लोरमा जाँदै छ।

आजको विचार...



राजनीति... *(दुई पेजमा)*

मनिषा आले



अभावका बिच पनि आत्मीय प्रेमसँगै खुसी-खुसी जीवन बाँचिरहेका ग्रामीण दम्पतीमाथि जब समाजका कथित नियम हाबी हुन्छन्, तब सम्बन्धमा दरार आउन थाल्छ। "मालती मंगले"को ट्रेलरले यस्तै संकेत गर्छ। प्रकु पाण्डेले निर्देशन गरेको फिल्मले ग्रामीण दम्पतीको प्रेम, त्यसमा आउने उतारचढाव र सामाजिक परिवेशको कथा भन्छ। ट्रेलरको सुरुवातमा फिल्मका शीर्ष कलाकार विजय बराल र वर्षा राउतसँगै मेक्सम गौडेल देखिन्छन्।

❐ वर्ष ३१ ❐ अंक २७० ❐ २०८३ बैशाख १६ गते बुधबार 29 April 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### रूस र युक्रेनबीचको आक्रमणमा ४ को मृत्यु

**(रासस/एएफपी)**

मस्को, वैशाख १५/बेलगोरोडको रूसी सीमा क्षेत्रमा मंगलबार भएको युक्रेनी ड्रोन आक्रमणमा तीन जनाको र रूसी आक्रमणले मध्य युक्रेनमा एक जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् । दक्षिणी रूसको प्रमुख तेल प्रशोधन केन्द्रमा युक्रनी आक्रमण पछि आगलागी भएको जनाइएको छ भने तटीय सहर टुआप्समा आगलागीका कारण बाक्लो कालो धुवाँले स्थानीय आपतकालको अवस्था उत्पन्न भएको जनाइएको छ । युक्रेनी सशस्त्र फौजले गरेको ड्रोन आक्रमणमा तीन जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको बेलगोरोडका क्षेत्रीय गभर्नर व्याचेस्लाभ ग्ल्याडकोभले टेलिग्राम मार्फत जनाएका छन् । एउटा कारलाई निशाना बनाइ गरिएको आक्रमणमा एक जना पुरुष र एक जना महिलाको मृत्यु भएको उनले पुष्टि गर्नु भएको छ । सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण सुरु भए देखि रूसले युक्रेनका प्रमुख पूर्वाधार स्थलहरूमा नियमित रूपमा बमबारी गरिरहेको जनाइएको छ । मध्य युक्रेनको क्रिवी रिग सहरमा भएको रूसी आक्रमणमा एक जनाको मृत्यु हुनुका साथै पाँच जना घाइते भएको ड्निप्रोपेट्रोभस्क क्षेत्रका प्रमुखले सामाजिक सञ्जाल मार्फत जनाएका छन् ।

# निजी मिडियामा विज्ञापन रोक्ने संघको निर्णय कार्यान्वयन नगर्न स्थानीय तहलाई महासंघको आग्रह

**हाम्रा संवाददाता**

**पाल्पा,** वैशाख १५/नेपाल पत्रकार महासंघ पाल्पा शाखाले निजी सञ्चारमाध्यममा विज्ञापन रोक्ने संघीय सरकारको निर्णय कार्यान्वयन नगर्न जिल्लाका स्थानीय तहलाई आग्रह गरेको छ । मंगलबार महासंघले जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल मार्फत यहाँका १० वटै स्थानीय तहलाई ज्ञापनपत्र बुझाउँदै विज्ञापनमा गरिएको विभेदकारी निर्णय कार्यान्वयन नगर्न आग्रह गरेको हो ।

२०८२ चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णयको परिपत्र जारी गर्दै प्रधानमन्त्री कार्यालयले सबै सरकारी सूचना र विज्ञापन केवल सरकारी सञ्चारमाध्यमहरू, गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनमा मात्रै प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिइएको थियो । महासंघले उक्त आपत्तिजनक परिपत्र कार्यान्वयन नगर्न ज्ञापनपत्रमार्फत स्थानीयतहलाई आग्रह गरेको छ । महासंघका जिल्ला अध्यक्ष कमलराज तिमिल्सेनाले जिल्ला समन्वय समितिका प्रमुख खनालमार्फत ज्ञापनपत्र



बुझाउँदै सरकारी सञ्चारमाध्यममा मात्र सरकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने निर्देशनात्मक परिपत्रले नेपाली आमसञ्चारमाध्यमको बहुसंख्यक हिस्सा ओगटिरहेका निजी तथा सामुदायिक सञ्चारमाध्यमप्रति गम्भीर विभेद र अन्याय भएको उल्लेख गरे । उनले स्थानीय सञ्चारमाध्यमको संरक्षण, प्रवर्द्धन र सुदृढीकरणका लागि विज्ञापन र सूचनामा प्राथमिकता दिन स्थानीय तहलाई आग्रह गरेका छन् । सरकारको उक्त निर्णयले पाल्पामा सञ्चालित ४० भन्दा बढी रेडियो, पत्रपत्रिका टेलिभिजन र अनलाइन मिडियाहरूको आर्थिक आधार कमजोर बनाउँदै ती संस्थाहरुको अस्तित्व मात्रै होइन, सयौं पत्रकार, सञ्चारकर्मी, मजदुर र कर्मचारीको रोजगारी संकटमा पारेको महासंघको ठहर छ । दुर्गमका गाउँ-गाउँसम्म पहुँचमा रहेका दर्जनौं सञ्चारमाध्यम बन्द हुँदा स्थानीय तहसम्म सूचना प्रवाह कमजोर भई नागरिकको सूचनाको हक कुण्ठित हुने भन्दै उक्त परिपत्र कार्यान्वयन नगर्न वा नमान्नका लागि महासंघले स्थानीय तहलाई ज्ञापनपत्रमार्फत भनेको छ । आमञ्चारमाध्यमहरूको संरक्षणका साथै संघीयता समेतको संरक्षणका लागि स्थानीय सरकारले संघीय सरकारको उक्त परिपत्रको विरोध गर्नुपर्ने र त्यसलाई मान्न नहुने महासंघको ठहर छ । त्यस्ता परिपत्रहरु मान्दा संघीयताको मर्म विपरित हुनुको साथै स्थानीय सरकारका हरेक अधिकार संघीय सरकारले हस्तक्षेप गर्ने कुरातर्फ समेत महासंघले सचेत गराएको छ । सरकारी निर्णय र परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास, नेपालको संविधानमा लिपिबद्ध पूर्ण प्रेस स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हक, स्वतन्त्र पत्रकारिता, खुला अर्थ नीति र संघीयताको मर्मविपरित रहेको महासंघले जनाएको छ । महासंघले स्थानीय सरकारसँग समन्वय र सहकार्य बढाउँदै जिल्लाबाट प्रकाशन तथा प्रसारण हुने सूचना तथा विज्ञापनहरू स्थानीय सञ्चारमाध्यममै प्राथमिकताका साथ उपलब्ध गराउनुपर्नेमा जोड दिएको छ । यस कदमले सञ्चार क्षेत्र सुदृढीकरणसँगै सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ । ज्ञापनपत्र बुझ्दै जिल्ला समन्वय प्रमुख खनालले पत्रकारहरुको माग जायज रहेको भन्दै महासंघको आन्दोलनमा आफ्नो पनि एक्यवद्धता रहेको बताए । उनले सरकारको सो निर्णय संविधान, कानून र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध भएको उल्लेख गरे । प्रमुख खनालले ज्ञापनपत्र जस्ताको त्यस्तै पाल्पाका सबै स्थानीय तहमा पठाइदिने बताए । सरकारको सो निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति सिर्जनाभएको शाखाका सचिव रामचन्द्र रायमाझीले बताए । आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर परी प्रेस सेन्सरसिपको अवस्था निम्तिने सक्ने भन्दै देशभरबाटै पत्रकारहरु आन्दोलित हुनुपरेको उनले उल्लेख गरे ।

## ट्रक र कार ठोक्किँदा एक जनाको मृत्यु




**मध्यविन्दु (नवलपरासी),** वैशाख १५ / पूर्व(पश्चिम राजमार्गअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यबिन्दु नगरपालिका-७ हरियाली जंगल क्षेत्रमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुम्किबासबाट कावासोतीतर्फ आउँदै गरेको लु१ख ९५८० नम्बरको चामल बोकेको ट्रक र विपरीत दिशाबाट जाँदै गरेको ग.प्र.०१-००१ च ०४७४ नम्बरको कार आज ठोक्किएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रहरी उपरीक्षक युवराज खड्काले बताए। दुर्घटनामा कार चालक अन्दाजी ३५ वर्षीय पुरुषको टाउकोमा गम्भीर चोट लागेको अवस्थामा ट्रक चालकले नै उपचारका लागि मध्यबिन्दु प्रादेशिक अस्पताल, डण्डा पुऱ्याएकामा उपचारकै क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। मृतकको नाम, थर भने खुल्न नसकेको प्रहरी उपरीक्षक खड्काले जनकारी दिए। दुर्घटनामा संलग्न दुवै सवारीसाधन घटनास्थलमै छन् भने प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।-*रासस*

## चिनिया मल्ल स्मृति रनिङ कप : २३ वर्षपछि व्याडमिन्टन संघ पाल्पालाई हस्तान्तरण

**पाल्पा,** वैशाख १५/चिनिया मल्ल स्मृति रनिङ कप २३ वर्षपछि व्याडमिन्टन संघ पाल्पालाई हस्तान्तरण गरिएको छ । २०५७ सालमा व्याडमिन्टन खेलको विकास र विस्तार गर्ने उद्देश्यले स्थापना गरिएको उक्त कप २०६० देखि यता हुन सकेको थिएन ।



आर्थिक अभावका कारण लामो समयदेखि प्रतियोगिता हुन नसक्दा त्यतिकै थन्किएको रनिङ कप संघका तत्कालिन सचिव राजेन्द्र बहादुर बज्राचार्यले दोस्रो साधारण सभाको अवसरमा संघका अध्यक्ष बसन्तलाल बज्राचार्यलाई हस्तान्तरण गरेका हुन् । राजेन्द्रले लामो समय प्रतियोगिता नभएपछि कप सुरक्षितरुपमा आफ्नै घरमा राख्दै आएका थिए । उनले संघको दोस्रो साधारण सभाको अवसरमा उक्त कप प्रतियोगिता सञ्चालन गर्ने गरी हस्तान्तरण गरेका छन् । बज्राचार्यले भने "रनिङ कप हाम्रो इतिहास हो, जिल्लाको व्याडमिन्टन खेलको व्यापक विस्तार र विकास गर्ने गरी यो कप सञ्चालनमा ल्याएका थियौं, २०५७ र २०५९ मा दुई पटक मात्र रनिङ कप प्रतियोगिता गर्न सक्यौं । पछि आर्थिक स्रोत नभएपछि प्रतियोगिता गर्न छोड्यौं ।, त्यो कप मैले सुरक्षित नै राखेको हुँ । अहिले साथीहरुले प्रतियोगिता गर्ने चासो देखाएपछि संघलाई कप हस्तान्तरण गरेको छु ।" २०४३ सालमा पाल्पामा पहिलो पटक राष्ट्रियस्तरको व्याडमिन्टन प्रतियोगिता गर्न सफल भएको उनले बताए । उनका अनुसार सो प्रतियोगितामा देशभरका ७३ जिल्लाबाट खेलाडीहरु सहभागी भएका थिए । संघका अध्यक्ष बसन्तलाल बज्राचार्यले इतिहासलाई सुरक्षित तरिकाले राखेकोमा खुसी हुँदै राजेन्द्र बज्राचार्यलाई हार्दिक आभार व्यक्त गरे । उनले छिट्टै रनिङ कप प्रतियोगिता गर्ने समेत बताएका छन् । तानसेनका दिनेश मल्लले आफ्ना बुबाको सम्झनामा कप स्थापना गरिदिएका थिए । सो कप दुई सय तोला चाँदीबाट निर्मित रहेको संघका तत्कालिन सचिव बज्राचार्यले बताए । उनका अनुसार हाल यसको मूल्य एक लाख भन्दा बढी पर्न जान्छ । संघका हाल बरिष्ठ सल्लाहकार समेत रहेका बज्राचार्यले तानसेनमा सम्पन्न साधारण सभामा संघका लागि दुई थान वाल पंखा समेत सहयोग गरेका छन् । उनी संघको तदर्थ समितिका अध्यक्ष समेत थिए । बज्राचार्य सामुदायिक व्याडमिन्टन क्लवका संस्थापक अध्यक्ष पनि भएर लामो समय खेल क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याए । उनले आफ्नो कार्यकालमा प्रथम मेयर कप समेत गरेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नृत्य दिवस र यसको सार्थकता

नृत्य एक कला हो, जसले लयबद्ध वा संगीतको तालमा शरीरको चाललाई दर्शाउँछ । भनिन्छ– नृत्यबिना संसार नै अधुरो हुन्छ । तर हिजो आज यही नृत्य संस्कृतिको न संरक्षण हुन सकेको छ नत सम्मान नै । यसको संरक्षण र सम्मानको लागि हरेक वर्षा अप्रिल महिनाको २९ तारिखमा संसारभर विश्व नृत्य दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्घ युनेस्कोसँग सहकार्य गरेको इन्टरनेसनल थिएटर इन्स्टिच्युटको अन्तर्राष्ट्रिय नृत्य समितिले सन् १९८२ मा पहिलो पटक यो दिवस मनाएको थियो । यस वर्षाको दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरि मनाइँदैछ । आजको दिन नृत्यकलाको संस्कृति, परम्परा एवं संस्कार विकसित भएका देशहरुमा नृत्यकलाको सम्मान, त्यसप्रति मानिसहरुको ध्यानाकर्षण तथा चेतना अभिवृद्धि गर्ने उद्देश्यले नृत्यकला प्रदर्शन गर्ने गरिन्छन् ।

सन १९८२ अप्रिल २९ आजकै दिनमा पहिलो पटक राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (युनेस्को) अन्तर्गत पर्ने अन्तर्राष्ट्रिय थिएटर इन्ष्टिच्युटको अन्तर्राष्ट्रिय डान्स कमिटिले यो दिवस मनाउने घोषणा गरेको थियो । यो दिवसको प्रमुख उद्देश्य भनेकै विश्वस्तरमा सर्वसाधारणमाझ प्राचीनकालदेखि विकसित भइआएको नृत्यकला एवं त्यसको संस्कृतिको महत्व दर्शाउनु र नृत्यकलाप्रति सबैको ध्यानाकर्षण तथा जागरुकता बढाउनु हो । नेपालमा आधुनिक नृत्यकलाको संस्कृति, परम्परा एवं संस्कार विकसित हुँदै गए पनि परम्परागत लोकनृत्य भने लोप हुने अवस्थामा पुगेको छ । यो अत्यन्त दुखको कुरा हो । यसको खोज, अनुसन्धान गरी संरक्षण गर्न जरुरी छ । नृत्यको अनेक फाइदा भएकाले यसलाई उपयोगी कसरतका रुपमा लिन सकिन्छ । नाच्नाले हृदय तथा फोक्सोको अवस्थामा सुधार आउने गर्दछ । नृत्यले मानिसको मांसपेशी बलियो बनाउनुको साथै हड्डीलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । यसर्थ लोक नृत्यको संरक्षण गर्दै सबै वर्ग र क्षेत्रमा यसलाई विस्तार गर्न सकियो भने मात्र हरेक वर्ष यो दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

अल्झिएको सम्बन्धलाई तोड्नु नै बेस हुन्छ
किनकी गाँठो परेको धागोले कहिल्यै कपडा सिउँदैन।
(टोप बहादुर गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Top.B Gaha)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीति, संघीयताको वर्तमान अवस्था र भविष्यको परिदृश्य



**मनिषा आले**

*नेपालको वर्तमान राजनीतिक अवस्थालाई बुझ्न यसको विगतलाई हेर्न आवश्यक हुन्छ । पृथ्वीनारायण शाहले विभिन्न साना राज्यहरूलाई एकीकरण गरी आधुनिक नेपालको स्थापना गरेका थिए । त्यसपछि लामो समयसम्म राजतन्त्र कायम रह्यो । २०४६ सालमा प्रजातन्त्र स्थापना भए पनि राजनीतिक अस्थिरता जारी रह्यो । २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै देशलाई गणतन्त्रमा रूपान्तरण गर्‍यो । त्यसपछि संविधान सभा गठन भई २०७२ सालमा नयाँ संविधान जारी गरियो, जसले संघीय संरचनालाई कानुनी मान्यता दियो । वर्तमान राजनीतिक संरचना नेपालको संविधान अनुसार देश तीन तहको शासन प्रणालीमा विभाजित छ, संघ, प्रदेश र स्थानीय तह । संघीय तहमा केन्द्र सरकार हुन्छ, जसको नेतृत्व प्रधानमन्त्रीले गर्छन् । राष्ट्रप्रमुखको रूपमा राष्ट्रपति रहन्छन् । संघीय संसद दुई सदनात्मक छ–प्रतिनिधि सभा (तल्लो सदन) र राष्ट्रिय सभा (माथिल्लो सदन) । प्रदेश तहमा सातवटा प्रदेश सरकार रहेका छन्, जसले आफ्नो क्षेत्रभित्र नीति तथा कार्यक्रम सञ्चालन गर्छन् । स्थानीय तहहरू (नगरपालिका र गाउँपालिका) ले स्थानीय विकासमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । वर्तमान राजनीतिक अवस्था राजनीतिक दलले लामो समय बहुमत प्राप्त गर्न नसकेको अवस्थामा यस पटक भने राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत प्राप्त गरेको छ । यसले हाल नेपालको राजनीति पूर्ण रूपमा स्थिरतातर्फ जाने संकेत गर्न सकिन्छ ।*

नेपालको राजनीति लामो संघर्ष, परिवर्तन र उतार-चढावको कथासँग जोडिएको छ । यहाँको राजनीतिक इतिहास राजा-महाराजाको शासनदेखि लिएर प्रजातन्त्र, पञ्चायती व्यवस्था, बहुदलीय लोकतन्त्र, सशस्त्र संघर्ष, गणतन्त्र स्थापनासम्म आइपुग्दा अनेकौं मोडबाट गुज्रिएको छ । अहिले नेपाल सौर्य लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ, तर स्थिरता, सुशासन र आर्थिक समृद्धिको अपेक्षाअनुरूपको परिणाम भने हासिल हुन सकेको छैन् । २०६२/६३ को जनआन्दोलनपछि देशमा ठूलो राजनीतिक परिवर्तन आयो र २४० वर्षभन्दा लामो राजतन्त्रको अन्त्य भई गणतन्त्र स्थापना भयो । २०७२ मा नयाँ संविधान जारी भएपछि नेपालले संघीय शासन प्रणाली अपनायो । वर्तमान अवस्थामा नेपाल राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणको प्रक्रियामा रहेको छ ।

नेपालको वर्तमान राजनीतिक अवस्थालाई बुझ्न यसको विगतलाई हेर्न आवश्यक हुन्छ । पृथ्वीनारायण शाहले विभिन्न साना राज्यहरूलाई एकीकरण गरी आधुनिक नेपालको स्थापना गरेका थिए । त्यसपछि लामो समयसम्म राजतन्त्र कायम रह्यो । २०४६ सालमा प्रजातन्त्र स्थापना भए पनि राजनीतिक अस्थिरता जारी रह्यो । २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै देशलाई गणतन्त्रमा रूपान्तरण गर्‍यो । त्यसपछि संविधान सभा गठन भई २०७२ सालमा नयाँ संविधान जारी गरियो, जसले संघीय संरचनालाई कानुनी मान्यता दियो ।

**वर्तमान राजनीतिक संरचना**

नेपालको संविधान अनुसार देश तीन तहको शासन प्रणालीमा विभाजित छ, संघ, प्रदेश र स्थानीय तह । संघीय तहमा केन्द्र सरकार हुन्छ, जसको नेतृत्व प्रधानमन्त्रीले गर्छन् । राष्ट्रप्रमुखको रूपमा राष्ट्रपति रहन्छन् । संघीय संसद दुई सदनात्मक छ–प्रतिनिधि सभा (तल्लो सदन) र राष्ट्रिय सभा (माथिल्लो सदन) । प्रदेश तहमा सातवटा प्रदेश सरकार रहेका छन्, जसले आफ्नो क्षेत्रभित्र नीति तथा कार्यक्रम सञ्चालन गर्छन् । स्थानीय तहहरू (नगरपालिका र गाउँपालिका) ले स्थानीय विकासमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् ।

**वर्तमान राजनीतिक अवस्था**

राजनीतिक दलले लामो समय बहुमत प्राप्त गर्न नसकेको अवस्थामा यस पटक भने राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत प्राप्त गरेको छ । यसले हाल नेपालको राजनीति पूर्ण रूपमा स्थिरतातर्फ जाने संकेत गर्न सकिन्छ ।

**प्रमुख राजनीतिक दलहरूको भूमिका**

नेपालमा विभिन्न राजनीतिक दलहरू सक्रिय छन्, जसले लोकतान्त्रिक अभ्यासलाई अगाडि बढाएका छन् । तर दलहरूबीचको प्रतिस्पर्धा कहिलेकाहीँ अस्वस्थ बन्दै जान्छ । गठबन्धनको राजनीति अहिलेको प्रमुख विशेषता हो, जसले सरकार गठनलाई जटिल बनाउँछ । धेरैजसो अवस्थामा दलहरूबीच सहमति नहुँदा राजनीतिक संकट उत्पन्न हुने गरेको छ ।

**सुशासन र प्रशासनिक अवस्था**

नेपालमा सुशासनको अभाव अझै एक ठूलो चुनौतीको रूपमा रहेको छ । सरकारी निकायहरूमा पारदर्शिता, जवाफदेहिता र कार्यक्षमतामा सुधार आवश्यक छ । भ्रष्टाचारका घटनाहरू बारम्बार सार्वजनिक भइरहन्छन्, जसले जनविश्वास घटाउने काम गर्छ । सार्वजनिक सेवा प्रवाहमा ढिलाइ, प्रशासनिक झन्झट र नीतिगत अस्पष्टताले नागरिकलाई समस्या पर्ने गरेको छ । तर यस पटक भने भ्रष्टाचार नियन्त्रण र सुशासन दिने गरी दुई तिहाई जनमत प्राप्त गरेको रास्वपाले त्यसलाई अन्त्य गर्न आशा आम नागरिकले गरेका छन् ।

**आर्थिक अवस्था र राजनीतिक प्रभाव**

राजनीतिक अस्थिरताले नेपालको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ । कृषि, पर्यटन र वैदेशिक रोजगारमा निर्भर अर्थतन्त्रमा औद्योगिक विकास कमजोर छ । युवाहरू रोजगारीको खोजीमा विदेश जान बाध्य छन्, जसले देशमा दक्ष जनशक्तिको अभाव सिर्जना गरेको छ । यद्यपि, विदेशबाट आउने रेमिट्यान्सले अर्थतन्त्रलाई केही हदसम्म सन्तुलनमा राखेको छ । राजनीतिक स्थिरता भएमा दीर्घकालीन आर्थिक योजना प्रभावकारी रूपमा लागू गर्न सकिन्छ ।

**सामाजिक अवस्था**

नेपालको समाज विविधतायुक्त छ । यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिहरू सह-अस्तित्वमा रहेका छन् । राजनीतिक परिवर्तनसँगै सामाजिक चेतना पनि बढ्दै गएको छ । शिक्षा, सञ्चार र प्रविधिको विस्तारले नागरिकहरूलाई अधिकारप्रति सचेत बनाएको छ । तर ग्रामीण क्षेत्रमा अझै विकासको गति सुस्त छ, जसले असमानता बढाउने खतरा देखिन्छ ।

**संघीयताको कार्यान्वयन**

संघीय प्रणाली नेपालको नयाँ अभ्यास हो, जसको कार्यान्वयनमा विभिन्न चुनौतीहरू रहेका छन् । प्रदेश र स्थानीय तहलाई पर्याप्त स्रोत, अधिकार र दक्ष जनशक्ति उपलब्ध गराउनु आवश्यक छ ।

कहिलेकाहीँ केन्द्र र प्रदेशबीच अधिकारको विषयमा विवाद हुने गरेको छ । तर स्थानीय तहले विकास निर्माणका कामहरूमा उल्लेखनीय योगदान पनि दिएका छन्, जसले संघीयताको सकारात्मक पक्ष देखाउँछ ।

**चुनौतीहरू**

**नेपालको वर्तमान राजनीतिक अवस्थाका मुख्य चुनौतीहरू निम्न छन्**

- **राजनीतिक अस्थिरता :** सरकार बारम्बार परिवर्तन हुने
- **भ्रष्टाचार :** पारदर्शिताको कमी र अनियमितता
- **बेरोजगारी:** युवाहरू विदेश पलायन
- पूर्वाधार विकासमा ढिलाइ
- संघीयताको पूर्ण कार्यान्वयनमा समस्या
- नीतिगत अस्थिरता र निर्णय प्रक्रियामा ढिलाइ

यी समस्याहरूले देशको समग्र विकासलाई अवरुद्ध गरिरहेका छन् ।

**सकारात्मक पक्षहरू**

**यद्यपी चुनौतीहरू धेरै छन्, केही सकारात्मक उपलब्धिहरू पनि देखिन्छन्:**

- लोकतान्त्रिक प्रणाली संस्थागत हुँदै गएको छ ।
- स्थानीय तहहरू सक्रिय र उत्तरदायी बन्दै गएका छन् ।
- नागरिक सहभागिता र जनचेतना बढेको छ ।
- सञ्चार माध्यम र सामाजिक सञ्जालले पारदर्शिता बढाएका छन् ।

- शिक्षा र प्रविधिको पहुँच विस्तार भएको छ ।

**भविष्यको सम्भावना**

नेपालमा ठूलो सम्भावना रहेको छ । जलस्रोत, पर्यटन, कृषि र ऊर्जाको क्षेत्रमा उचित लगानी र योजना भएमा देशले तीव्र आर्थिक विकास गर्न सक्छ ।

-राजनीतिक स्थिरता, सुशासन र पारदर्शिता कायम गर्न सकेमा विदेशी लगानी आकर्षित गर्न सकिन्छ ।

-युवाशक्ति देशको मुख्य आधार हो । यदि उनीहरूलाई देशभित्रै अवसर उपलब्ध गराउन सकियो भने नेपालको भविष्य उज्ज्वल बन्न सक्छ ।

**निष्कर्ष :** नेपालको वर्तमान अवस्था संक्रमणकालीन भए पनि सम्भावनायुक्त छ । राजनीतिक अस्थिरता, भ्रष्टाचार र विकासका चुनौतीहरू भए पनि लोकतान्त्रिक अभ्यास बलियो हुँदै गएको छ । यदि राजनीतिक दलहरूबीच सहकार्य, इमानदारी र दीर्घकालीन सोंच विकास भयो भने नेपालले स्थिरता र समृद्धि दुवै हासिल गर्न सक्छ । देशको समग्र विकासका लागि सबै पक्ष–सरकार, निजी क्षेत्र र नागरिक–एकजुट भएर अघि बढ्न आवश्यक छ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : नयाँ जिम्मेवारी आउन सक्छ। हिम्मतका साथ अघि बढ्दा अवरोध हट्नेछ।
**वृष** : व्यवहारिक निर्णयले लाभतर्फ डोर्‍याउनेछ।सीप विकासमा रुचि बढ्नेछ।
**मिथुन** : समस्या समाधान हुन सक्छ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ।
**कर्कट** : व्यापारिक क्षेत्रमा सुधार देखिन थाल्नेछ।स्वास्थ्यप्रति सजगता अपनाउनहोला।
**सिंह** : प्रतिभा प्रदर्शन गर्ने उपयुक्त मौका प्राप्त हुनेछ। मान-सम्मान बढाउनेछ।
**कन्या** : सहकर्मीहरूसँग समझदारी कायम रहनेछ।अनुशासन आवश्यक रहनेछ।
**तुला** : आर्थिक निर्णय गर्दा सतर्कता आवश्यक हुनेछ। नयाँ प्रस्तावप्रति चासो बढ्नेछ।
**वृश्चिक** : दाम्पत्य सम्बन्ध अझ मजबुत बन्नेछ। काममा जित हासिल हुनेछ।
**धनु** : काममा नयाँ प्रयोग सफल बन्न सक्छ। अध्ययन तथा अनुसन्धानमा प्रगति हुनेछ।
**मकर** : सहकार्यले काम सजिलो बनाउनेछ। लक्ष्यमा केन्द्रित रहँदा उपलब्धि मिल्नेछ।
**कुम्भ** : नवीन सोचले नयाँ बाटो देखाउनेछ। साथीभाइसँगको सहकार्य फलदायी बन्नेछ।
**मीन** : मनमा आध्यात्मिक भाव बढ्नेछ। पेशागत क्षेत्रमा स्थिरता कायम रहनेछ।

**कला मनोरञ्जन**

# जेनजी अभियन्ता हुँदै नायिका बनेकी प्रशंसा



जेनजी आन्दोलनको समय काठमाडौँका सडकमा प्लेकार्ड बोकेर सुशासन र अधिकारका लागि नारा लगाइरहेकी एक किशोरीको तस्बिर सामाजिक सञ्जालमा भाइरल भयो । कलेज ड्रेसमै देखिएकी ती किशोरीले देशको राजनीतिक विसङ्गति र जनजीविका सवालमा लगाएको नाराले धेरैको ध्यान खिचेको थियो । ती किशोरी थिइन प्रशंसा सुवेदी । त्यतिबेला सडकमा जेनजी अभियन्ताका रूपमा चिनिएकी प्रशंसाको अहिले परिचय फेरिएको छ । उनी यतिबेला अभियन्ता नभएर अभिनेत्रीका रूपमा मिडियामा छाइरहेकी छन् । उनलाई अभिनेत्रीका रूपमा चिनाउने काम फिल्म 'लालीबजार'ले गरेको छ । आगामी शुक्रबारबाट प्रदर्शनमा आउने फिल्मबाट उनले अभिनयमा डेब्यु गरेकी छन् । फिल्मको रिलिज नजिकिँदै गर्दा उनी उत्सुक छिन् । भित्रभित्र डर पनि छ । दर्शकले आफ्नो अभिनयलाई कस्तो प्रतिक्रिया देलान् भन्ने आफूमा डर रहेको उनले बताइन् । 'फिल्म एकदमै राम्रो छ, स्टोरी लाइन एकदमै राम्रो छ', प्रशंसाले भनिन्, 'ममा फिल्मलाई लिएर धेरै उत्सुकता छ । जति जति रिलिज मिति नजिकिन्छ, ढुकढुकी त्यति बढ्दो रहेछ ।' अभिनय क्षेत्रमा रुचि भए पनि तत्काल प्रवेश गर्ने प्रशंसाको योजना थिएन । आन्दोलन र पढाइमा रमाइरहेकी उनलाई अचानक फिल्म 'लालीबजार'का लागि अभिनय प्रस्ताव आयो । उनलाई फिल्मको प्रस्ताव कलाकार/निर्माता रविन सिंह बानियाँले राखेका थिए । बाँनिया उनका छिमेकी पनि हुन् । बाँनियाले प्रशंसाको टिकटक भिडियोहरू हेरेपछि आफ्नो फिल्ममा सुहाउने भन्दै उनकी आमालाई सम्पर्क गरेर अभिनयका लागि प्रस्ताव गरेका थिए । आमा मार्फत प्रस्ताव आएपछि प्रशंसाले लुक टेस्टका लागि अडिसन दिइन् । अन्य प्रतिस्पर्धीलाई पछि पार्दै उनी छनोटसमेत भइन् । विवादमा तानियो फिल्म 'लालीबजार', के भन्छन् सरोकारवाला ? विवादमा तानियो फिल्म 'लालीबजार', के भन्छन् सरोकारवाला ? 'मलाई सानैदेखि दुई वटा फरक संसारमा रुचि थियो- एउटा पोलिटिक्स र ल, अर्को ग्ल्यामर इन्डस्ट्री', उनले भनिन्, 'फिल्ममा त प्रवेश भयो । राजनीतिमा भविष्यमा आउन सक्छु ।' फिल्ममा रुचि उनको बुबाको कारणले भएको हो । उनका बुबा फिल्मका सौखिन थिए । बुबाले उनलाई फिल्म हेराउन बारम्बार लैजान्थे । आफूले पहिलो पटक हिन्दी फिल्म 'तारे जमिन पर' हेरेको उनले सुनाइन् । 'सुरुमा बुबाले डीभीडीहरू घरमा ल्याएर फिल्म देखाउनुहुन्थ्यो । सानो हुँदा बच्चा भएको मुभी मनपर्थ्यो । त्यसपछि रोमान्स मुभीहरूको फेज सुरु भयो । अनि एक्सन र सोसलमा रुचि बढ्यो', प्रशंसाले भनिन्, 'मामु-ड्याडीचाहिँ पढाइ र कामको सिलसिलामा बाहिर गएपछि म हजुरआमासँग बस्न थालेँ । त्यतिबेला चाहिँ मेरो मुभीसँगको कनेक्सन छुट्यो ।' 'लालीबजार' यम थापाले निर्देशन गरेको फिल्म हो । बादी समुदायको कथामा बनेको यो फिल्ममा उनले सोही समुदायको १५ वर्षकी एउटी चञ्चले र पढ्ने किशोरी 'महारानी'को भूमिका निर्वाह गरेकी छन् । फिल्ममा उनी अभिनेत्री स्वस्तिमा खड्काकी छोरीको भूमिकामा देखिन्छिन् । यो भूमिका आफ्नो वास्तविक स्वभावसँग धेरै मिल्दोजुल्दो भएकाले अभिनय गरेको उनले बताइन् । फिल्ममा स्थापित अभिनेत्री स्वस्तिमासँग स्क्रिन सेयर गर्न पाउनु आफ्ना लागि ठुलो अवसर उनले थानेकी छन् । 'स्वस्तिमा दिदीको अभिनयमा डेडिकेसन देख्दा म छक्क परेँ', प्रशंसाले थपिन्, 'उहाँले मलाई कहिल्यै न्यु-कमर जस्तो व्यवहार गर्नुभएन, सधैँ बहिनीजस्तै सिकाउनुभयो ।' प्रशंसाका अनुसार 'लालीबजार' केवल एउटा मनोरञ्जनात्मक फिल्ममात्र होइन, यो एउटा सामाजिक दस्तावेज पनि हो । यो फिल्मले नेपालको एउटा विशेष समुदायको कथा र देह व्यापारको मर्मस्पर्शी यथार्थलाई चित्रण गरेको छ । फिल्मले बादी समुदायप्रति समाजमा एउटा समानुभूति पैदा गर्छ जस्तो उनलाई लाग्छ । फिल्मको टिजर, ट्रेलर, गीत लगायत प्रचार सामग्रीबाट प्रशंसाले सकारात्मक प्रतिक्रिया पाइरहेकी छन् । फिल्ममा प्रदीप भट्टराई र यम थापाको मार्गदर्शनले आफूलाई अझ निखारेको उनी महसुस गर्छिन् । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा विभिन्न विवादमा फसेको छ । फिल्मको विषयमा भएको विवाद जायज नभएको प्रशंसा बताउँछिन् ।

**छवि बदल्दै सुहाना**

प्रशंसाको पुर्ख्यौली घर म्याग्दीको राखु हो, जुन प्रसिद्ध धार्मिक स्थल गलेश्वरभन्दा केही माथि पर्छ । यद्यपि उनी काठमाडौँमै हुर्किएकी हुन् । हाल वनस्थलीमा बस्दै आएकी उनी कानुनको विद्यार्थी हुन् । काठमाडौँकै नेशनल ल कलेजमा उनी बीएएलएलबी अन्तिम वर्षमा अध्ययनरत छिन् । अभिनयमा आए पनि प्रशंसा कानुनको पढाइ पूरा गरेर लाइसेन्स लिनु आफ्नो प्राथमिकता रहेको बताउँछिन् । त्यसपछि मात्र उनी अभिनयलाई निरन्तरता दिने सोच राख्छिन् । राजनीतिमा आउने इच्छा उनको छँदैछ । उनले भनिन्, '१० वर्षको छँदा ड्याडीले ठट्टा गर्दै मलाई प्रधानमन्त्री भएमा यो घर तिम्रो हुन्छ भन्नुभएको थियो ।' त्यही सानो लोभबाट सुरु भएको उनको राजनीतिक रुचि अहिले देशका लागि केही गर्ने दृढ सङ्कल्पमा बदलिएको छ । राजनीतिमा पदभन्दा पनि पोलिसी मेकिङ (नीति निर्माण) मा रहेर देशको सेवा गर्ने रुचि भएको बताउने उनी कानुन पढ्नुको उद्देश्य पनि त्यसैका लागि रहेको सुनाइन् ।

**कसरी बनिन् 'जेनजी' अभियन्ता ?**

प्रशंसा 'जेनजी अभियन्ता' भनेर पनि चिनिएकी छन् । जेनजी मुभमेन्टमा आफू रहरले भन्दा पनि परिस्थितिले नै जोडिएको उनी बताउँछिन् । उनले भनिन्, 'जनताले दुःख नपाउन् भन्ने चिन्ताले मलाई सडकमा पुऱ्याएको हो ।' जेनजी अभियानको क्रममा रुटिन अफ नेपाल बन्दले उनलाई राजनीतिमा चासो राख्ने जेनजी भनेर फिचर गरेपछि उनी एकाएक चर्चामा छाएकी थिइन् । कलेज ड्रेसमै प्रदर्शनमा उत्रिएकी उनलाई देखेर कतिले हौसला दिए, कतिले अचम्म माने । तर, उनलाई परिवारको भने पूर्ण साथ थियो । देशको सुशासनका लागि बोल्नुपर्छ भन्ने मान्यता राख्ने उनलाई उनकी आमाले नै विरोध प्रदर्शनमा जान प्रेरित गरेकी थिइन् । तर, आन्दोलन सधैँ सोचेजस्तो शान्त भएन । भदौ २३ को त्यो हिंसात्मक घटना र आफ्नै सहकर्मी साथीहरूको बलिदानलाई सम्झिँदा प्रशंसा आज पनि भावुक हुन्छिन् । 'हामी त क्लियर माइन्ड लिएर आफ्नो आवाज पुऱ्याउन गएका थियौँ, गोली चल्छ भन्ने सोचेका पनि थिएनौँ', उनले भनिन्, 'यो घटनाले मलाई समाज र राज्य व्यवस्थाप्रति झन् गम्भीर बनायो ।' *-रातोपाटी डटकम*

# पुराना सिनेमाको काँध चढेर कति टाढा पुगिएला ?

आजकल नेपाली फिल्म क्षेत्रमा एउटा ट्रेन्ड देखिन थालेको छ- पुराना हिट सिनेमाको नाम, तिनकै गीत, कहिलेकाहीँ कथा र भावना समेत टपक्कै टिपेर नयाँ फिल्म निर्माण गर्ने । फिल्म बनाउन नयाँ कथा सकिएका हुन् त ? कि मेकर्सहरूले सजिलो बाटो रोजेका हुन् ? पुराना हिट फिल्मको नाम राखेपछि नयाँ पनि हिट हुन्छ भन्ने लोभ गरिएको हो ? यो नयां ट्रेन्डले स्वाभाविक रूपमा यस्ता किसिमका प्रश्न उठेका छन् । पुराना सफल ब्रान्डको सहारा लिनु व्यवसायिक रूपमा सुरक्षित रणनीति हुन सक्छ । दर्शकमा पहिले नै चिनिएको नाम भएकाले सुरुवाती आकर्षण पाउन सजिलो हुन सक्छ । तर, सिनेमा नामले मात्र चल्दैन ! यसले नयाँपन, अनुभव र भावना पनि दिनुपर्छ । सिनेमा हेर्दा रमाइलो लागोस्, मन छोओस्, र केही नयाँ अनुभूति मिलोस् । व्यस्त जीवनबाट केही घण्टा छुट्याएर हलसम्म पुग्ने दर्शकले 'टाइम पास' संगै, सम्झिनलायक अनुभव लिएर फर्कियोस् । आज विश्व सिनेमा कहाँ पुगिसक्यो । बलिउड र हलिउडले चन्द्रमासम्म छायांकनको कल्पना गर्न थालिसके । प्रविधि, कथा, प्रस्तुति सबै हिसाबले नयाँ-नयाँ प्रयोग भइरहेका छन विश्व चलचित्र बजारमा । यस्तो समयमा हामी भने किन पुरानै ढाँचामा अल्झिरहेका छौं ? कुरा बुझिनसक्नु छ । प्रायः हामीले सुन्दै आएको एउटा वाक्य छ- सिनेमा समाजको ऐना हो । तर, यो कथन जति लोकप्रिय छ, त्यति नै अपूर्ण पनि छ । सिनेमा समाजको ऐना होइन । सिनेमा त्यो समाजभित्र बाँचिरहेको एउटा सर्जकको चेतना, अनुभूति र दृष्टिकोण हो । एउटा चलचित्रकर्मीले समाजलाई कसरी हेर्छ ? कुन कोणबाट हेर्छ ? त्यो दृष्टिकोणको प्रतिविम्ब नै सिनेमा हो । तर, यहाँ अर्को महत्वपूर्ण पक्ष जोडिन्छ- नियत । सिनेमा बनाउने नियत कसको, कस्तो छ ? सिनेमा किन बनाइँदैछ ? यही प्रश्नले सिनेमा कस्तो बन्छ भन्ने निर्धारण गर्छ । धेरैजसो अवस्थामा सिनेमा बनाउने नियत, राम्रो सिनेमा बनाउन आवश्यक पर्ने नियतसँग मेल खाएको देखिन्न । नेपाली मेकर्सहरूमा सिनेमा बनाउने होइन, बरू यसलाई आफ्ना अभाव, स्वार्थ, अहम्, कुण्ठा वा अपूर्ण इच्छाहरू पूरा गर्ने माध्यमका रूपमा प्रयोग हुने प्रवृत्ति व्यापक छ । तर, यो ट्रेण्ड नेपालमा मात्रै हैन विश्वव्यापी मानवीय प्रवृत्ति हो । जब कुनै कालखण्डमा कुनै सिनेमा बन्छ, त्यो समयको सोच, संवेदना र नियतले त्यसलाई विशेष बनाउँछ । त्यही कारणले केही फिल्महरू कालजयी बन्छन् । तिनले कथा मात्र होइन, समयलाई पनि कैद गरेका हुन्छन् । त्यही नाम वा त्यही सफलताको आधारमा अर्को समयमा, फरक सन्दर्भमा सिनेमा बनाउँदा समस्या सुरु हुन्छ । कहिलेकाहीँ सम्मानपूर्वक पुनर्निर्माण गर्दा उत्कृष्ट फिल्म बन्न सक्छ- यदि त्यसमा मूल कृतिप्रतिको सम्मान, कथाको आत्मा र सौन्दर्यलाई आत्मसात गर्ने प्रयास छ भने । तर प्रायः के हुन्छ भने- 'त्यो बेला त्यो फिल्म हिट भएको थियो, त्यसैले यो पनि चल्छ' भन्ने सोच हावी हुन्छ । यहीँबाट नियत कमजोर बन्न थाल्छ । सर्जक मौलिक हुन छोड्छ र अरूको काँधमा उभिन खोज्छ- कहिले नामको काँध, कहिले इतिहासको काँध । आज नेपाली चलचित्रकर्मीहरूमा यो प्रवृत्ति झन् तीव्र बन्दै गएको देखिन्छ । कुनै समय दर्शकको मन जितेका परालको आगो, माइतीघर, आमा, हामी तीन भाइ, बलिदान र अरू धेरै नामहरू फेरि प्रयोग भइरहेका छन् । कतै कथाको सहारा लिइएको छ, कतै नामको मात्रै ! तर दुवै अवस्थामा मूल आत्मालाई



समात्ने प्रयास भने कमजोर देखिन्छ । नाम उस्तै भए पनि समय, सन्दर्भ र संवेदना उस्तै हुँदैनन् । अनि जब आत्मा नै फरक हुन्छ, त्यही नाम बोकेको सिनेमा पनि दर्शकका लागि केवल प्रतिकृति मात्र बन्न पुग्छ, अनुभव होइन । आज नेपाली सिनेमा सिधै कथा मात्र होइन, फर्मुला, इमोशन र टाइटलको 'फिल' कपी गर्ने चरणमा पुगेको छ । फर्मुला कपी हुँदा फिल्मको संरचना नै उही हुन्छ- सफल फिल्मको जस्तै सुरुवात, द्वन्द्व र अन्त्य । जोनर कपीमा, कुनै एक हिट शैली (कमेडी, लभस्टोरी, ग्याङस्टर) लाई बारम्बार दोहोर्याइन्छ । इमोशन कपी गर्दा, दर्शकलाई छोएको पुरानो भावनालाई नै नयाँ सन्दर्भबिनै पुनः प्रयोग गरिन्छ । र सबैभन्दा सूक्ष्म- टाइटलको 'फिल' कपी, जहाँ नाम, पोस्टर र प्रस्तुतीकरणले पुरानो सफलताको झल्को दिन खोज्छ ।

**किन यसो गर्न थालियो ?**

मौलिकताको अभाव नै यसको जड समस्या हो । कुनै कुराको नक्कल गरेर, फोटोकपी गरेर सफलता दोहोर्याउने सोचले सिनेमा निर्माणको सबैभन्दा महत्वपूर्ण तत्व 'सिर्जनात्मकता' लाई नै कमजोर बनाउँछ । एउटा कथा कसरी भन्ने ? कसरी नयाँ अर्थ दिने ? कसरी भावनात्मक रूपमा दर्शकसँग जोडिने ? यी प्रश्नहरू हराउँदै गएका छन् । यदि नियत शुद्ध छ भने सिनेमा मौलिक, संवेदनशील र प्रभावशाली बन्छ । यदि नियतमा खोट छ भने, त्यो खोट पर्दामा स्पष्ट देखिन्छ । केही वर्षअघि यस्तै रिमेकको रूपमा नयाँ चलचित्र बनाएका एक निर्देशकले (नाम नखुलाउने सर्तमा) स्वीकारेका छन् । 'हामीले जति नै प्रयास गरे पनि पुराना चलचित्रको जादु दोहोऱ्याउन सक्दैनौँ' ती निर्देशक भन्छन्, 'त्यसबेला मेरो चलचित्रमा प्राविधिक रूपमा केही सुधार त गरेँ, तर दर्शकले विश्वास गरेनन्, त्यसैले व्यवसायिक सफलता पनि मिलेन ।' उनको भनाइले नेपाली फिल्म क्षेत्रमा देखिएको एउटा यथार्थता उजागर गर्छ- क्रियटिभिटीको अभाव । पुराना हिट फिल्मका नाम, कथा वा भावनालाई दोहोऱ्याएर नयाँ फिल्म बनाउने प्रवृत्ति बढ्दो छ । तर, पुरानै रक्सीलाई नयाँ बोतलमा राखेर दर्शकलाई बेच्ने प्रयास कति समयसम्म टिक्ला ? दर्शक अब चतुर भइसकेका छन् । उनीहरू नयाँपन खोजिरहेका छन् । कहिल्यै नसुनेका कथा, नदेखिएका दृश्य, र मन छुने प्रस्तुतिहरू हेर्न लालायित छन् । यदि फिल्मले साँच्चिकै नयाँ अनुभव दिन सक्यो भने, दर्शकले टिकट काटेर हलसम्म पुग्न हिच्किचाउँदैनन् । जसका उदाहरणहरू खोज्न धेरै पर पुग्नै पर्दैन ! आजकाल धेरै वर्ष अगाडि दर्शकको मन जितेका शीर्षकहरू फेरि प्रयोग भइरहेका छन् । गीत पनि रिमेक गरेर बनाइएका छन् । मानौं यी आइडियाहरू आफैंमा सफलताको ग्यारेन्टी हुन् । तर वास्तविकता उल्टो छ । यस्ता धेरै फिल्महरूले न त पुरानो प्रभाव दोहोर्याउन सकेका छन्, न त नयाँ दर्शकलाई सन्तुष्ट पार्न सफल भएका छन् । सिक्वेल, रिमेक वा त्यो सफलताको बुई चडेर बनाइएका नयां प्रोजेक्टहरू धेरैजसो असफल देखिन्छन् । नेपाली फिल्म मेकर्स हिँड्ने यस्तो किसिमको 'सर्टकट बाटो' ले नेपाली दर्शकको विश्वास घटिरहेको छ ।

**एक समय यस्तो थियो**

प्रविधि सीमित थियो, बजेट न्यून थियो, कथा गहिरा र अर्गानिक हुन्थे । विशेषगरी २०३० पछि र माओवादी द्वन्दकाल सुरु हुनु अगाडि २०५० सम्मको समयमा बनेका फिल्महरूले नेपाली समाजको आत्मा बोकेका थिए । ती फिल्महरूले मनोरञ्जन मात्र होइन, जीवनको यथार्थ, संघर्ष, सम्बन्ध र संवेदनालाई इमान्दारीपूर्वक प्रस्तुत गरेका थिए । त्यसबेला सफलताको केन्द्र प्रविधि होइन कथा थिए । निर्देशकहरूले आफ्नै परिवेशबाट कथा टिप्थे । पात्रहरू यथार्थसँग जोडिएका हुन्थे । अभिनय जीवन्त हुन्थ्यो । एउटा साधारण कथा पनि यति गहिरो रूपमा भनिन्थ्यो कि दर्शक त्यसमा आफूलाई भेट्टाउँथे । त्यसैले ती फिल्महरू समयसँगै हराएनन्- स्मृतिमा बसिरहे । समयसँगै सिनेमा निर्माणको स्वरूप बदलियो । प्राविधिक रूपमा हामीले छलाङ मार्यौं । आज क्यामेरा, साउन्ड, एडिटिङ, कलर ग्रेडिङ- सबै उत्कृष्ट छन् । तर, उत्कृष्ट हुनुपर्ने 'स्टोरी' कमजोर हुँदै गए- भएको यत्ति हो । प्रविधि बलियो हुँदा कथा कमजोर किन भयो ? कहीँ विश्लेषण हुँदैन, कतै छलफल समेत हुँदैन । आजका धेरै फिल्महरूमा गहिरो कथा, बलियो पात्र र भावनात्मक आधार कमजोर देखिन्छ । पुराना नाम प्रयोग गर्ने प्रवृत्ति पनि यही डरको परिणाम हो, नयाँ कथा असफल हुन्छ कि भन्ने डर । त्यसैले पहिले सफल भइसकेको नामको सहारा लिने प्रयास गरिरहेको यसै उधोगका जानकारहरू स्वीकार्छन् । पहिला चलेको नाम हुँदैमा दर्शक फिल्म हेर्न जाँदैनन् भन्ने कुरा बारम्बार प्रमाणित भइसकेको छ । तर, जे मन पर्दैन त्यही बारम्बार दर्शकलाई थोपरेर फिल्मकर्मीहरूले आफ्नै शाख र विश्वास गुमाइरहेको विश्लेषण हुने गरेको छ । दर्शकका लागि पुरानो नाम फिल्म मात्रै होइन, एउटा अनुभव हो । त्यो अनुभवमा कथा, पात्र, समय र व्यक्तिगत स्मृतिहरू मिसिएका हुन्छन् । नयाँ फिल्मले त्यो अनुभव पुनः सिर्जना गर्न सकेका छैनन, सोही कारण त्यो नाम नै निराशाको कारण बन्छ । त्यसैले धेरै सिक्वेल र रिमेकहरू या पुराना नामका नयाँ भर्जनहरू अपेक्षाभन्दा निकै तल झरेका छन् ।'पुरानो कुरालाई पुन स्मरण गराउनु एक हदसम्म त ठिकै होला तर सर्जकका लागि सधैं समकालीन वस्तुस्थितिको मूल्यांकनसहित नवीनताको खोजीमा लाग्नु उसको दायित्व हो' पौडेल भन्छन् ।

*-अनलाइन अबर डटकम*

# गुल्मीको इस्मा गाउँपालिकाले टुंगो लगायो केन्द्र



**गुल्मी,** वैशाख १५/ जिल्लाको इस्मा गाउँपालिकाले लामो समयपछि केन्द्रको टुंगो लगाएको छ । पालिकाले वडा नम्बर ५, चापटारीमा केन्द्र राख्ने विषयमा टुँगो लगाएको हो । चापटारीमा सम्पन्न गाउँ सभाको बैठकले सर्वसम्मत रूपमा केन्द्र तोक्ने निर्णय गरेसँगै करिब ९ वर्षदेखि चल्दै आएको अन्योल हटेको छ ।

अघिल्लो जनप्रतिनिधिकै कार्यकालमा विवादित बनेर यो मुद्दा सर्वोच्च अदालतसम्म पुगेको थियो । केही समयअघि मात्रै सर्वोच्च अदालतले केन्द्र टुंगो लगाउने जिम्मा सम्बन्धित पालिकालाई नै हुने फैसला गरेपछि वर्तमान जनप्रतिनिधिले केन्द्रसम्बन्धी निर्णय अगाडि बढाउने अधिकार पाएका हुन् । गाउँपालिका अध्यक्ष भगत सिंह खड्काको अध्यक्षतामा सोमबार बसेको गाउँसभा बैठकले वडा नम्बर ५ चापटारीमा केन्द्र सर्वसम्मत टुंगो लगाएको गाउँपालिका उपाध्यक्ष तथा प्रवक्ता अधिवक्ता पार्वती कुँवरले जानकारी दिइन् । यसअघि कार्यपालिका बैठकले पनि सर्वसम्मत केन्द्र चापटारीमा राख्ने निर्णय गरेको थियो । उनले इस्माका लागि यो ऐतिहासिक निर्णय र उपलब्धि भएको बताइन् । स्थानीय तह पुनर्संरचनापछि भाडाको संरचनाबाट सेवा सञ्चालन गर्दै आएको गाउँपालिकाले अब आफ्नै स्थायी प्रशासनिक केन्द्र निर्माण गर्ने बाटो खुलेको छ । चापटारीमा गाउँपालिका केन्द्र बनाउने प्रस्ताव एमालेका पोमप्रसाद भुसालले पेस गरेका थिए भने नेपाली कांग्रेसका ढालबहादुर कुँवरले समर्थन गरेका थिए । गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले यो निर्णय इस्माको समग्र विकासका लागि महत्वपूर्ण कोसेढुंगा भएको बताए । अब आफ्नै प्रशासनिक भवन निर्माण गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनेतर्फ केन्द्रित हुने उनको भनाइ छ ।

# आज विश्व नृत्य दिवस मनाइँदै

पाल्पा, वैशाख १५/आज विश्व नृत्य दिवस संसारभर विविध कार्यक्रम गरी मनाइँदैछ । यो दिवस सन् १९८२ देखि युनेस्कोको सहयोगी एनजीओ अन्तर्राष्ट्रिय नृत्य परिषद्को पहलमा मनाउन थालिएको हो ।

हरेक वर्ष अप्रिल २९ तारिखका दिन यो दिवस मनाउने गरिन्छ । नृत्यकलाको संस्कृति, परम्परा एवं संस्कार विकसित भएका देशहरुमा नृत्यकलाको सम्मान, त्यसप्रति मानिसहरुको ध्यानाकर्षण तथा चेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल लगायत विश्वका विभिन्न मुलुकमा नृत्यकला प्रदर्शन गरिन्छन् । सन १९८२ अप्रिल २९ आजकै दिनमा पहिलोपटक राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (युनेस्को) अन्तर्गत पर्ने अन्तर्राष्ट्रिय थिएटर इन्ष्टिच्युटको अन्तर्राष्ट्रिय डान्स कमिटिले यो दिवस मनाउने घोषणा गरेको थियो । जीन जर्ज नोभेरे नामका व्यक्तिको जन्म दिनको सम्झनामा अन्तर्राष्ट्रिय डान्स कमिटिले यो दिवस मनाउने घोषणा गरेको थियो । यो दिवसको प्रमुख उद्देश्य भनेकै विश्वस्तरमा सर्वसाधारणमाझ प्राचीनकालदेखि विकसित भइआएको नृत्यकला एवं त्यसको संस्कृतिको महत्व दर्शाउनु र नृत्यकलाप्रति सबैको ध्यानाकर्षण तथा जागरुकता बढाउनु रहेको छ । सन् २००५ मा नृत्य दिवसको अवसरमा नृत्यकलालाई संसारभर प्राथमिक शिक्षा प्रणालीमा आवद्ध तथा केन्द्रित गरिएको थियो ।




नृत्यकलासँग जोडिएको हिन्दू धार्मिक प्रसंग अनुसार त्रेता युगमा समस्त देवताको अनुरोधमा ब्रह्माले नृत्यवेद तयार गरेको र त्यहिबेलादेखि नृत्यको उत्पति भएको विश्वास गरिन्छ । दिवसका अवसरमा जनमानसमा नृत्यको महत्व बुझाउने प्रयास गरिन्छ । रंगकर्ममा त नृत्यको खास महत्व छ नै, अन्य विभिन्न उद्देश्यले आयोजना गरिने कार्यक्रममा समेत नृत्यलाई महत्वपूर्ण हिस्साका रूपमा समावेश गर्न थालिएको छ । विभिन्न चाडपर्व, विवाह भोज, जन्मदिनका अवसरमा नृत्य कार्यक्रमविना पूर्ण नहुने मान्यता सामान्यजस्तो बनेको छ । राजनीतिक आमसभामा समेत भिड जम्मा गर्न नृत्यका कार्यक्रम राखिने गरेको छ । नेपालमा पनि नृत्य दिवसका अवसरमा विभिन्न कार्यक्रम गरिएको छ । नेपालमा एउटा उखान चर्चित छ जो नाच्छ, ऊ धेरै बाँच्छ भन्ने । यो उखानले पनि धेरै पहिलेदेखि नै नेपालमा नृत्यको महत्व रहेको देख्न सकिन्छ । परापूर्वकालदेखिका जीवित संस्कृतिमा नृत्य अनिवार्य मान्ने चलन पहिलेदेखि चलिआएको पाइन्छ । पूर्वीय दर्शनमा वैदिक साहित्यदेखि नै संगीत र नृत्यलाई महत्व दिने गरिएको पाइन्छ । हामीकहाँ हरेक संस्कृतिसँग नृत्य जोडिएको हुन्छ । असारमा खेत रोप्न जाने बेलामा हिलोमा गरिने नृत्य होस् या धान भित्र्याउने बेलामा गरिने नृत्य नै किन नहोस् । कुनै नृत्य धेरै शारीरिक अभ्यास हुने खालको हुन्छ भने केही धिमा गतिमा चल्ने खालको हुन्छ । विविध जातजातिका धनी हामी आ-आफ्नै मौलिक नृत्यहरू रहेका छन् । राईहरूले नाच्ने साकेला शिली, मगरहरूको मारुनी नाच, झामरे नाच, लिम्बुहरूको धान नाचलगायत प्रया: सबै जातजातिका आफ्नै मौलिक नृत्य हामीकहाँ रहेका छन् ।

## खेलकुद समाचार

### दिल्ली आरसीबीसँग ९ विकेटले पराजित



**काठमाडौं,** वैशाख १५/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा गएराति भएको खेलमा दिल्ली क्यापिटल्स रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसीबी) सँग पराजित भएको छ । आरसीबीले दिल्लीलाई ९ विकेटले हरायो । दिल्लीमा टस हारेर पहिला ब्याटिङ गरेको दिल्लीले १६ ओभर ३ बलमा अलआउट हुँदै ७५ रन मात्र बनाउन सक्यो । पावर प्लेमै दिल्लीले १३ रन मात्र बनाएको थियो । आरसीबीका जोस हेजलवुडले ४ तथा भुवनेश्वर कुमारले ३ विकेट लिए । ७६ रनको लक्ष्य आरसीबीले ६ ओभर ३ बलमै १ विकेट गुमाएर भेट्टायो । जेकब बेथेलले ११ बलमा २० रन बनाए । देवदत्त पडिक्कलले १३ बलमा अविजित ३४ रन जोडे । त्यस्तै विराट कोहलीले पनि अविजित २३ रन बनाए । जीतसँगै आरसीबी अङ्क तालिकाको दोस्रो स्थानमा छ भने दिल्ली सातौँ स्थानमा यथावत् रहेको छ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** वैशाख १५/नेपाल स्टक एक्सचेञ्ज नेप्से परिसूचक २६ दशमलव १६ अङ्कले घटेर दुई हजार ७७० दशमलव २६ बिन्दुमा कायम भएको छ । मंगलबार ३४९ कम्पनीको एक करोड ४० लाख १३ हजार १६७ कित्ता शेयर एक लाख ५१ हजार २८६ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५२ करोड ८० लाख ७७ हजार ९७६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

मंगलबारको कारोबारमा अन्य समूह शून्य दशमलव ७३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ८४, विकास बैङ्क एक दशमलव २२, वित्त शून्य दशमलव ६१, होटल तथा पर्यटन दुई दशमलव ५६, जलविद्युत् एक दशमलव ७४, लगानी शून्य दशमलव ४७ र जीवन बीमा समूह शून्य दशमलव १६ प्रतिशतले घटेको छ ।त्यस्तै, उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ४६, लघुवित्त शून्य दशमलव ४४, म्युचुअल फन्ड शून्य दशमलव ३१ निर्जीवन बीमा शून्य दशमलव ३९ र व्यापार समूह शून्य दशमलव ३९ प्रतिशतले घटेको छ । हिमालयन बैङ्क लिमिटेड बण्ड २०८६ को शेयर मूल्य आज सबैभन्दा धेरै छ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा कर्पोरेट डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्य १४ दशमलव ९९ प्रतिशतले घटेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई